# संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३

## हार्दिक शुभकामना तथा अपिल

नेपालको संविधान जारी भएको ११ वर्ष पूरा भई १२औँ वर्ष प्रवेशको सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा **संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३** को हार्दिक शुभकामना व्यक्त गर्दछौँ।

नेपाली जनताको लामो सङ्घर्ष, त्याग र बलिदानबाट प्राप्त नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र, विधिको शासन, समावेशी शासन व्यवस्था, मौलिक हक, सामाजिक न्याय र समानताका मूल्य मान्यतालाई संस्थागत गरेको छ। यस ऐतिहासिक अवसरमा लोकतन्त्र, गणतन्त्र, सङ्घीयता र समावेशी शासन व्यवस्था स्थापनाका लागि भएका विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ।

संविधानले प्रत्याभूत गरेका अधिकारको संरक्षण र नागरिक कर्तव्यको पालना गर्दै यसको मर्म र भावनालाई व्यवहारमा रूपान्तरण गर्नु हामी सबैको साझा जिम्मेवारी हो। संविधानको प्रभावकारी कार्यान्वयनमार्फत सुशासन, सामाजिक न्याय, दिगो शान्ति र समृद्धिको राष्ट्रिय आकांक्षा पूरा गर्न यस दिवसले सबैमा नयाँ प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछौँ।

यस अवसरमा बागमती प्रदेशका सम्पूर्ण सरकारी निकाय, स्थानीय तह, सार्वजनिक संस्था, शैक्षिक संस्था, निजी क्षेत्र, नागरिक समाज तथा आम प्रदेशवासी नागरिकहरूलाई **असोज २ र ३ गते साँझ आ-आफ्नो घर, कार्यालय तथा सार्वजनिक स्थलमा दीप प्रज्वलन गरी राष्ट्रिय एकता, लोकतान्त्रिक भावना र उत्साहका साथ संविधान दिवस तथा राष्ट्रिय दिवस मनाउन** हार्दिक अपिल गर्दछौँ।

**संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८३**

**बागमती प्रदेश मूल समारोह समिति**

हेटौँडा, नेपाल